वीरेन्द्रनगर नगरपालिका

नगर कार्यपालीकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

वोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०७८/०३/१४)

यस नगरपालिका कार्यालयलाई आवश्यक पर्ने सुरक्षा गार्ड.कम्प्युटर सहायक.कार्यालय सहयोगी र बन हेरालु सेवा करार द्वारा आपुर्ती गर्नु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/ब्यबसायी संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र पेश गर्नुहुन यो ३० दिने सूचना प्रकाशित गरीएको छ।

१.यो सूचना प्रकाशित भएको मिति देखि ३० औँ दिनसम्म बोलपत्र फारम यस कार्यालयमा आपुर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिहरुले नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र.नविकरण फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र मुल्य अभिबृदि करमा दर्ताको प्रमाणित प्रमाणपत्र,स्थायी लेखा नम्वर(PAN) प्रमाणित प्रमाणपत्र,आ.व.२०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष ०७६/०७७ को कर/ आय विवरण पेश गरेको प्रमाणित प्रतिलीपी सहित नियमानुसार बोलपत्र दस्तुर रु.३०००।-(पछी फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२.खरिद गरीएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी पहिलो पटक सूचना प्रकाशित भएको मिती देखि ३१औँ दिनको १२ बजेभित्र यस कार्यालयमा उपस्थीत भई बोलपत्र दर्ता गराउन सकिने छ

३.दर्ता हनु आएका बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा ३१ औँ दिनको २ बजे न.पा.कार्यालयमा खोलिने छ। तर निजहरुको अनुपस्थीतिमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन। फारम खरिद गर्ने वा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

४.बोलपत्र फारम साथ जमानत वापतको विडवण्ड कम्तीमा तिन महिना हुनुपर्ने छ र नेपाल सरकारको मान्यता प्राप्त बैंक बाट जारी भएको विडवण्ड संग्लन गर्नुपर्ने छ।

५. बोलपत्र दाताले जमानत बापतको रकम बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछी ठेक्का अंकको ५ प्रतिशत हुन आउने रकमको परफरमेन्स वण्ड यस नपाको रा.बा.बैक सुर्खेत शाखामा रहेको धरौटी खाता नं ४०८०१००३०३०००००४ मा नगद जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ।

६ .प्राप्त बोलपत्र आंशिक वा सम्पुर्ण रुपले कुनै कारण जनाइ नजनाइ स्वीकृत गर्ने नगर्ने वा सूचना रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाइ सुरक्षित रहने छ। रित नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कनै कारवाही गरिने छैन

७. प्रत्येक आइटम दर रेट भ्याट बाहेकको अंक र अक्षरमा बुझीने गरी भर्नु पर्ने छ। यदि उल्लेख गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ।

८. सुरक्षा गार्ड आपुर्ति गर्न कानुन बमोजिम थप ईजाजतपत्र हुनुपर्ने।

९. बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन।

१०. कार्यालयले दिएको निर्देशन एंव सम्पुर्ण सर्तहरु मान्य हनेछन।

११. उल्लेखित सुरक्षा गार्ड.कम्प्युटर सहायक.कार्यालय सहयोगी र बन हेरालुको बोलपत्र यस कार्यालयमा पेश गर्नु पर्ने छ।

१२. यसमा छुटेका कुराहरु आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ। बोलपत्र सम्बन्धी सुचना संसोधन भएमा यस कार्यालयको सूचना पार्टीमा टाँस गरिनेछ।

१३. बोलपत्र सम्बन्धी सूचना यस कार्यालयको वेबसाइट www.birendranagarmun.gov.np बाट पनि हेर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयको जिन्सी उपशाखामा सम्पर्क गर्न सकिने छ।

क्र.स	ठेक्का नं	बोलपत्र र ठेक्काको नाम	बोलपत्र खरिद दस्तुर	बिड जमानत	कैफियत
१	SQ/BM/077/078/Other/01	सुरक्षा गार्ड तथा कर्मचारी आपुर्ति	रु ३०००,	रु १९००००,	